स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री केकी अधिकारीको फिल्म 'परदेशी २' दशैंको छेको पारेर असोज २६ गतेदेखि प्रदर्शनमा आउँदैछ । यो फिल्मप्रति उनमा व्यावसायिक सफलताको ठूलो आशा देखिन्छ । यसैले प्रचारमा पनि राम्रै खटिएकी छन् । यतिबेला प्रचारको सिलसिलामा मोफसल यात्रामा रहेकी उनले यो फिल्मबाट मौलिक कथामा काम गर्ने रहर पूरा भएकोमा खुसी व्यक्त गरेकी छन् । 'परदेशी २'बाट अभिनेताको रुपमा डेब्यू गरेका गायक प्रकाश सपूत पहिलो फिल्म भएकाले उत्साहसँगै डर पनि रहेको बताउँछन् ।

आजको विचार...



नेपालको... (दुई पेजमा)

डा.सुमनकुमार रेग्मी



मोडल नीति शाह अभिनेत्रीको रुपमा देखिने चर्चा चलेको धेरै भइसक्यो । तर अहिलेसम्म उनको फिल्म अभिनय जुरेको छैन । जुन फिल्म उनको अभिनय रहने भनेर चर्चा हुन्छ । त्यो फिल्म विभिन्न कारणले थन्किने गरेको छ । लामो समयदेखि फिल्ममा डेब्यु गर्ने कसरतमा रहेकी नीति सबैभन्दा पहिले निर्माता सन्तोष सेनको फिल्म 'हुतुतु'मा जोडिएकी थिइन् । एकपछि अर्को फिल्ममा अनुबन्धित हुँदा पनि फिल्म रोकिँदै गएको कारण अबका दिनमा उनलाई कसले डेब्यू गराउला ? भन्ने चासोको विषय बनेको छ ।

❒ वर्ष २९ ❒ अंक ७१ ❒ २०८० असोज ९ गते मंगलबार 26 September 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### पहिरोमा पुरिएर एकको मृत्यु



**गुल्मी,** असोज ८/जिल्लाको रेसुङ्गा नगरपालिका-३ भाडगाउँमा पहिरोमा पुरिएर एक जना मजदुरको मृत्यु भएको छ । स्थानीय शेरबहादुर बेल्वासेको निर्माणधीन घर माथिबाट पहिरो खस्दा काम गर्ने मजदुरको मृत्यु भएको हो ।

मृत्यु हुनेमा प्युठानको गौमुखी गाउँपालिका -३ का १७ वर्षीय डोरबहादुर घर्ती रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ । पहिरोमा परी अन्य २ जना समेत घाइते भएका छन् । घाइते हुनेमा रेसुङ्गा नगरपालिका-३ का घरधनी ७९ वर्षीय शेरबहादुर बेल्बासे र प्युठानको गौमुखी गाउँपालिका- ३ का २४ वर्षीय टेकबहादुर घर्ती रहेको प्रहरीले जनाएको छ । उनीहरु गुल्मी अस्पतालमा सामान्य उपचारपछि घर फर्किएका छन् । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## रामपुर नगर सरकारको जनमैत्री सेवा

# गाउँ-गाउँमा पुगेर सामाजिक सुरक्षा भत्ता दिदैं

**हाम्रा संवाददाता**

**पाल्पा,** असोज ८/सरकारले बैंकिङ प्रणालीबाट शुरु गरेको सामाजिक सुरक्षा भत्ता वितरण कार्य पारदर्शी भए पनि सेवाग्राहीका लागि कष्टकर बन्दै गएको छ । जनप्रतिनिधि र वडाका कर्मचारीमार्फत घरैमा बसेर भत्ता बुझ्दै आएका लक्षित वर्गका लाभग्राहीलाई बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण हुन थालेपछि बैंकसम्म पुग्न, बैंकिङ प्रणालीका कागजी प्रक्रिया मिलाउन र भत्ता बुझ्न सास्ती भइरहेका बेला पाल्पाको रामपुर नगर सरकारले भने वडा-वडा र गाउँ -गाउँमा पुगेर भत्ता वितरण गर्न लागेको छ । सामाजिक सुरक्षा भत्ताका लागि बैंक खाता खोल्न र भुक्तानीका लागि अनिवार्य आफैं बैंक पुग्नुपर्ने र बैंकमा कागजी प्रक्रिया पनि आफैले मिलाउनुपर्ने भएपनि जेष्ठ नागरिक, एकल महिला र अपांगता भएका व्यक्तिले सास्ती भोग्नु परेपछि नगर सरकारले भने गाउँमै पुगेर भत्ता दिन लागेको हो ।



नगर सरकारले पहिलो चरणमा दुरीका हिसाबले बैंकसम्म पुग्न टाढा रहेका वडाहरुबाट यो कार्यक्रम सञ्चालन गर्न लागेको छ । जनताको सहजताको लागि वडा १, ९ र १० का नागरिकलाई मध्यनजर गर्दै पहिलो चरणमा सेवा दिन लागिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । दुरी टाढा भएका कारण जेष्ठ नागरिकलाई बैंकसम्म पुग्नु पर्ने बाध्यता र लाईन बस्नु पर्ने सास्ती भएकाले यसको अन्त्यका लागि वडा कार्यालय र टोल टोलबाटै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यक्रम अघि सारेको उनले बताए । 'सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंक शाखाहरुसँगको छलफल पश्चात कृषि विकास बैंकसँग सम्झौता गरी आवश्यकताका आधारमा टोल-टोलमा पुगेर भत्ता वितरण गर्ने सहमति गरेका छौं' नगर प्रमुख थापाले भने- 'पहिलो चरणमा वडा १, ९ र १० का नागरिकलाई प्राथमिकतामा राखेर काम गर्नेछौं ।' साथै आवश्यकता अनुसार नगरका सबै वडा कार्यालय र टोल टोलबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने योजना रहेको नगर प्रमुख थापाले बताए । यस्तै रामपुर नगरपालिकाको कार्यालय भवनबाटै कृषि विकास बैंकको विस्तारित सेवा कार्यालय स्थापना गरी नागरिकलाई बैंकिङ सेवा दिने थापाले बताए । सरकारले दिने सेवा सुविधा प्राप्त गर्न पनि धेरै समय र गाडी भाडा खर्चेर जानु पर्ने वडावासीहरुको बाध्यतालाई मध्यनजर गर्दै वडा कार्यालय र टोलबाट सामाजिक सुरक्षा वितरणको कार्यक्रम सञ्चालन गरिएको नगर प्रवक्ता एवं वडा १ का अध्यक्ष कपिलबहादुर खाँणले बताए । जनतालाई घरदैलो मै सेवा दिनका लागि सामाजिक सुरक्षा भत्ता वडा कार्यालय र आवश्यकता अनुसार टोलमा पुगेर वितरण गरिने प्रवक्ता खाँणले बताए ।

यो कार्यक्रम अन्तर्गत कृषि विकास बैंक रामपुर शाखाले आईतबार रामपुर नगरपालिका वडा १ को वडा कार्यालयबाट बैंक खाता खोल्न शुरु गरेको छ । सामाजिक सुरक्षा भत्ता खाँदै आएका नागरिकको खाता खोल्नका लागि कृषि विकास बैंकको टोली वडा कार्यालय पुगेको थियो । खाता सञ्चालनका लागि फारम भर्ने काम वडा कार्यालयबाट गरिने र त्यस पश्चात वडा कार्यालयबाटै बैंकको चेक हस्तान्तरण गरिने बैंक रामपुर शाखाका प्रबन्धक केशवराज डोटेलले जानकारी दिए । पहिलो दिन वडा १ को साँखर्दी, कुमैडाँडा, कठैडाँडा, मकैडाँडा, फुकलडाँडा, क्वाङ क्वाङ, गजबन्दी लगाएतका स्थानका ९२ जना नागरिकको खाता खोल्ने काम भएको वडा सचिव तारानाथ पोखरेलले बताए । वडामा ४ सय ३२ जनाले सामाजिक सुरक्षा भत्ता सुविधा लिदैं आएका छन् ।

यसअघि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले कर्मचारीबाट बदमासी भएको भन्दै लाभग्राहीलाई बैंक खातामार्फत भत्ता दिने नीति बनाए पनि भत्ता लिन सदरमुकाम नै पुग्नुपर्ने भएकाले वृद्ध तथा अशक्तले झन्झट र दुःख सास्ती व्यहोर्नु परेको छ । अझ साहारा कोही नहुने र आफैं हिँडडुलसमेत गर्न नसक्ने अशक्त, अपांगले बिचौलिया खोज्नुपर्ने बाध्यता समेत रहेको छ । बैंक खाता अनिवार्य गरेपछि बैंकसम्म पुग्न भौगोलिक कठिनाइले सकस हुने गरेको लाभग्राहीहरूबाट गुनासो आएपछि कर्मचारी र जनप्रतिनिधिको उपस्थितिमा भत्ता वितरण गर्न थालिएको नगर सरकारले जनाएको छ ।

## पाल्पामा डेंगी संक्रमणबाट थप एकको मृत्यु

**पाल्पा,** असोज ८/पाल्पामा डेंगी संक्रमणबाट थप एक जनाको मृत्यु भएको छ । स्वास्थ्य कार्यालय पाल्पाका प्रमुख डा. राजेन्द्र गिरीका अनुसार सोमबार माथागढी गाउँपालिका-१ चिदीपानी बुढीकोटका ३५ वर्षीय गोविन्द सारुको डेंगी संक्रमणबाट मृत्यु भएको हो ।

ती व्यक्तिको तानसनेस्थित युनाइटेड मिसन अस्पतालमा उपचारका क्रममा मृत्यु भएको स्वास्थ्य कार्यालयका प्रमुख गिरीले बताए । सारुलाई असोज ५ गते मिसन अस्पतालमा भर्ना गरिएको थियो । उनलाई डेंगीका साथै स्क्रबटाइफस समेत पोजिटिभ देखिएको प्रमुख गिरीले एनजेडीलाई जानकारी दिए । केही दिनदेखि ज्वरो आउने, जोर्नी दुख्ने लगायतका समस्याका कारण उनी स्वास्थ्य उपचारका लागि अस्पताल पुगेका थिए ।

जिल्लामा डेंगी संक्रमणबाट यसअघि तानसेन नगरपालिका-६, बर्तुङकी ६९ वर्षीया महिला साथै स्याङ्जा गल्याङकी एक बालिकाको तानसेनस्थित युनाइटेड मिसन अस्पतालमै उपचारका क्रममा मृत्यु भएको थियो । पाल्पामा हाल डेंगीबाट २ सय ८५ जना संक्रमित भइसकेका छन् । जिल्लामा केही समय यता स्क्रबटाइफसका बिरामी समेत बढेका छन् । स्वास्थ्य कार्यालयका अनुसार अहिलेसम्म १ सय ८२ जनामा स्क्रबटाइफस पोजिटिभ देखिएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालयले भने आफ्नो तर्फबाट डेंगु नियन्त्रणका लागि सक्दो प्रयास गरिरहेको बताएको छ । जनस्वास्थ्यका प्रमुख गिरीले डेंगु एक प्रकारको भाइरल इन्फेक्सन भएकोले पूर्णरुपमा नियन्त्रण नुहने हुँदा आफै सचेत रहन आग्रह गरेका छन् । डेंगुका लार्भाहरुको सर्च एण्ड डिस्ट्रोय गर्ने कार्य पनि भइरहेको उनले बताए । डेंगुको संक्रमण हो होइन पत्ता लगाउनका लागि जिल्लामा किट समेत अभाव रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

## प्रधानमन्त्रीको चीन भ्रमण : दुई देशबीच १३ बुँदे समझदारी

**काठमाडौं,** असोज ८/नेपाल र चीनबीच विभिन्न १२ वटा सम्झौता र एउटा समझदारी पत्रमा हस्ताक्षर भएको छ । चीन भ्रमणमा रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल र चिनियाँ समकक्षी प्रधानमन्त्री ली छ्याङबीच सोमबार ग्रेट हल अफ दी पिपलमा भएको द्विपक्षीय वार्तापछि विभिन्न विषयमा सहमति तथा सम्झौता भएको हो ।



विभिन्न मन्त्रालय अन्तर्गतका ती सम्झौताका सहमतिपत्रमा नेपालका तर्फबाट सम्बन्धित मन्त्रालयका सचिव तथा चीनका लागि नेपाली राजदूत विष्णुपुकार श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । चीनको राष्ट्रिय विकास र सुधार आयोग र नेपालको राष्ट्रिय योजना आयोगबीच सहकार्यका लागि सम्झौता भएको छ । सो सम्झौतामा आयोगका उपाध्यक्ष मीनबहादुर श्रेष्ठ र चिनियाँ अधिकारीले हस्ताक्षर गरे । नेपालको उत्तरी पहाडी क्षेत्रमा विभिन्न वस्तुको उत्पादन र वितरणसम्बन्धी सन् २०१७ को नेपाल-चीन समझदारीपत्र राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच आदानप्रदान भएको छ । चीनको राष्ट्रिय विकास तथा सुधार आयोग र नेपालको अर्थमन्त्रालयबीच डिजिटल अर्थतन्त्र बढाउने विषयमा सहकार्यका लागि सम्झौता भएको छ । त्यसैगरी चीनको उक्त आयोग र नेपालको वन तथा वातावरण मन्त्रालयबीच हरित तथा न्यून कार्बन विकासका लागि सहकार्य गर्ने विषय राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । त्यसैगरी चीनको कृषि तथा ग्रामीण सम्बन्ध मन्त्रालय र नेपालको कृषि तथा पशुपन्छी विकास मन्त्रालयबीच कृषि, पशुपन्छी र माछापालनको विकासका लागि सहकार्य गर्ने विषयका लागि पनि सहमति भएको छ । यसमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव रेवतीरमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । चीनको वाणिज्य मन्त्रालय र नेपालको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयबीच सन् १९८१ मा भएको चीन नेपाल व्यापार र भुक्तानी सम्झौताको समीक्षा र परिमार्जनका लागि संयुक्त प्राविधिक कार्यसमूह गठन गर्ने विषयमा पनि सहमति भएको छ । सो सहमतिपत्रमा वाणिज्य तथा आपूर्ति सचिव मधुकुमार मरासिनी र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । सो अवसरमा चीनको सामान्य प्रशासन, भन्सार मन्त्रालय र नेपालको कृषि र पशुपन्छी विकास मन्त्रालयबीच नेपालबाट चीनमा औषधि उत्पादनका लागि वनस्पति निर्यातसम्बन्धी प्रोटोकलमा सहमति भएको छ । उक्त प्रोटोकलमा कृषि तथा पशुपन्छी मन्त्रालयका पशुपन्छी विकास सचिव रेवतीरमण पौडेल र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । चिनियाँ प्रेस तथा प्रकाशन विभाग र सस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच प्राचीन ग्रन्थ अनुवाद र प्रकाशन गर्ने विषयमा सहमति भएको छ । सो सहमतिपत्रमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र चीनको विज्ञान तथा प्रविधि मन्त्रालयबीच विज्ञान, प्रविधि र नवप्रवर्तनका क्षेत्रमा सहकार्य गर्ने विषयमा सम्झौता भएको छ । सो सम्झौतामा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव सुरेश अधिकारी र चिनियाँ अधिकारीबीच हस्ताक्षर भएको छ ।साथै प्रकोप सामग्री, मानव संशाधन र हिल्सा-सिमकोट सडक परियोजनाका विषयमा राजदूत श्रेष्ठ र चिनियाँ अधिकारीबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## डेंगुको जोखिम कायमै छ, बेवास्ता नगरौं

लामखुट्टेको टोकाइबाट सर्ने डेंगु रोगको जोखिम कायमै छ । असोज महिनाको पहिलो हप्ता वितिसक्दा समेत डेंगुका विरामीहरुको अस्पतालमा चाप देखिन्छ । डेंगु संक्रमणको जोखिम जुलाईदेखि सेप्टेम्बरसम्म उच्च हुने भनिएको छ । डेंगु रोग एडिस प्रजातिको पोथी लामखुट्टेको टोकाइबाट सर्ने संक्रामक रोग हो । डेंगु ज्वरो भएका बिरामीलाई एडिस जातको लामखुट्टेले टोकेपछि उक्त लामखुट्टेले स्वस्थ मान्छेलाई टोक्दा डेंगु रोग सर्छ । दिउँसो सक्रिय हुने र शरीरमा सेतो छिरबिरे धर्काहरू हुने लामखुट्टे एडिस जातको लामखुट्टे हो । यो लामखुट्टे सामान्यतया एक महिनासम्म बाँच्छ । लार्भा एक सातामा लामखुट्टे बनेर थप फैलन्छन् । एक महिनासम्म बाँच्ने लामखुट्टेले अरुलाई पनि टोक्ने संभावना रहन्छ । डेंगुले महामारीको रुप नल्याओस् भन्नका लागि बेलैमा खोज र नष्ट गर अभियान सञ्चालन गर्नु पर्ने हो तर यतातिर ध्यान दिएको पाईदैन ।

सरकारी संयन्त्रहरूको अक्षमता र नागरिक स्वजागरणको अभावका कारण अवस्था जटिल बन्दै गएको छ । त्यसैले यस्ता लार्भा, प्यूपा हुनसक्ने सम्भावित ठाउँ खोजेर नष्ट गर्नुको विकल्प छैन । देशमा तीन तहको सरकार छ तर, डेंगुले भयावह रूप लिंदा पनि तीनै तहका सरकार मौन छन् । कोरोना कहरका बेला संघीय, प्रदेश तथा स्थानीयलगायत तीनै तहका सरकारले पहिलो चरणमा नै हेलचेक्रयाइँ गरेका कारण मृत्युदर बढेको स्मरण गरेर पनि डेंगु नियन्त्रणमा सरकारहरू चनाखो हुनुपर्ने हो तर उनीहरुका लागि महामारीभन्दा राजनीति प्यारो छ । लोकप्रियतावादको सिकार भएका तीनै तहका सरकार नागरिक डेंगु संक्रमणबाट ग्रसित हुँदा समेत ठोस कदम चाल्न नसक्नु विडम्वनाको कुरा हो । डेंगु नियन्त्रणका लागि केही ठाउँहरुमा अभियान चलाइए पनि फिक्का बनेका छन् । बेलैमा आवश्यक सावधानी नअपनाउने र नियन्त्रणको प्रभावकारी पहल नगर्ने हो भने यसले अझ भयावह रूप लिन धेरै समय लाग्दैन । तसर्थ अझै पनि डेंगु संक्रमणको जोखिम कायमै रहेकाले त्यसबाट बच्न बेवास्ता होइन सर्तकता अपनाऔं ।

### Opinion @ Social Network

बडो अचम्मा हुँदा रहेछन् शहरका बत्तीहरु,
जति उज्यालो भए पनि मान्छेको अनुहार चिन्न नसकिने !
(महेश डोटेलको फेसबुक स्टाटसबाट https://www.facebook.com/mahesh.s.dotel

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालको वैदेशिक व्यापार र परिवर्तन



डा.सुमनकुमार रेग्मी

*भारतले चामल निर्यातमा प्रतिबन्ध गरेपछि अन्य खाद्य आपूर्तिमा समेत मूल्य बढ्ने अनुमान गरिएको थियो । भारतले धान निर्यातकर्ता संघले सरकारले धानको खरिद मूल्य बढाउने कदम चालेकाले मूल्य बढाएको बताएको छ । सरकारले कल्याणकारी योजनाहरुका लागि आवश्यकताभन्दा बढी मौज्दात राखेको छ । त्यसकारण निर्यातमा प्रतिबन्ध लागाउन जरुरत छैन भनी पत्रकारहरुले बताएका छन् । यस्तै भारतले पाम र भटमासको तेल आयातमा लगाउँदै आएको भन्सार घटाउँदा नेपालको निर्यात प्रभावित भएको थियो । यी दुवै तेलको निर्यातमा आएको कमीसँगै युरोप र अमेरिकामा नेपालमा बनेका उपहारहरुमा मागमा कमी हुँदा देशको कूल निर्यात २०७८/०७९ को तुलनामा २०७९/०८० मा २१ प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०७८/०७९ मा देशबाट २ खर्ब रुपैयाँबराबरको सामान निर्यात भएको थियो । जसमा ४१ अर्बको पामतेल र ४८ अर्बको सोयाबिन तेल निर्यात भएको थियो तर २०७९/०८० मा पाम तेलको निर्यात र भटमासको तेलको निर्यात ८२ प्रतिशतले घटेको छ । भारतले तीनवर्ष अघि अर्थात् २०७६/०७७ पछि ४८ प्रतिशत भन्सार शुल्क लगाएकोमा अहिले त्यसलाई हटाएर ५ प्रतिशत मात्र कर लगाउँदछ । जसका कारण नेपालबाट जाने पाम तेल र भटमासको तेलको निर्यातमा प्रभावित भएको थियो ।*

**बाधा अवरोधका कदम :**
भारतबाट भारतीय चामलको निकासी २०८० साउनदेखि प्रतिबन्ध गरिएको छ । गैरबास्मती सबै प्रकारका सेतो चामल निर्यातमा प्रतिबन्ध लगाएको देखिन्छ । निर्यात नीतिअनुरूप गैरबास्मती सेतो चामल स्वतन्त्र रूपमा निर्यात गर्न प्रतिबन्ध गरिएको छ । यसअघि नै निर्यातका लागि लोड भएका थिए । भारतमा धान उत्पादन प्रमुख बालीका रूपमा रहेको हुँदा उत्पादन क्षेत्रमा वर्षाको कमी भएपछि उत्पादन घट्ने प्रक्षेपणले भारतमा चामलको मूल्य बढ्न सुरु भएसँगै त्यहाँको सरकारले निर्यात प्रतिबन्ध लगाएको थियो । भारतले चामल निर्यातमा प्रतिबन्ध गरेपछि अन्य खाद्य आपूर्तिमा समेत मूल्य बढ्ने अनुमान गरिएको थियो ।

भारतले धान निर्यातकर्ता संघले सरकारले धानको खरिद मूल्य बढाउने कदम चालेकाले मूल्य बढाएको बताएको छ । सरकारले कल्याणकारी योजनाहरुका लागि आवश्यकताभन्दा बढी मौज्दात राखेको छ । त्यसकारण निर्यातमा प्रतिबन्ध लागाउन जरुरत छैन भनी पत्रकारहरुले बताएका छन् । यस्तै भारतले पाम र भटमासको तेल आयातमा लगाउँदै आएको भन्सार घटाउँदा नेपालको निर्यात प्रभावित भएको थियो । यी दुवै तेलको निर्यातमा आएको कमीसँगै युरोप र अमेरिकामा नेपालमा बनेका उपहारहरुमा मागमा कमी हुँदा देशको कूल निर्यात २०७८/०७९ को तुलनामा २०७९/०८० मा २१ प्रतिशतले घटेको छ । आर्थिक वर्ष २०७८/०७९ मा देशबाट २ खर्ब रुपैयाँबराबरको सामान निर्यात भएको थियो । जसमा ४१ अर्बको पामतेल र ४८ अर्बको सोयाबिन तेल निर्यात भएको थियो तर २०७९/०८० मा पाम तेलको निर्यात र भटमासको तेलको निर्यात ८२ प्रतिशतले घटेको छ । भारतले तीनवर्ष अघि अर्थात् २०७६/०७७ पछि ४८ प्रतिशत भन्सार शुल्क लगाएकोमा अहिले त्यसलाई हटाएर ५ प्रतिशत मात्र कर लगाउँदछ । जसका कारण नेपालबाट जाने पाम तेल र भटमासको तेलको निर्यातमा प्रभावित भएको थियो । आर्थिक वर्ष २०७८/०७९ मा पहिलेदेखि २०७९/०८० सम्मकै उच्च निर्यात भए पनि त्यसलाई अनवरत राख्न सरकार सक्षम भएको देखिँदैन । भारतले पहिलेदेखि नै सन्धि र सम्झौतामा दिई आएको दुवै देशका आयात र निर्यातमा छुट तथा भन्सार देखावटीमात्र भएको छ । दुवै देशका उत्पादन एक अर्को देशमा प्रवेश गर्दा ४० प्रतिशतको आफ्नो देशको कच्चा पदार्थ प्रयोग भएमा भन्सार पूर्णमाफी हुने प्रावधान भए पनि भारतले शक्तिको प्रदर्शन गरेको छ ।

**धान-चामलको अवस्था राम्रो गर्न के गर्ने त ?**
नेपालको लागि वार्षिक करिब ४० लाख मेट्रिक टन चामल आवश्यक पर्दछ । जसमध्ये ३ लाख १२ हजार मेटनमात्र उत्पादन र आपूर्ति हुनेगरेको छ । जब कि धान नेपालसहित एशियाली देशहरुको प्रमुख खाद्यान्न बाली हो । विश्वको कूल धान उत्पादनको ९० प्रतिशत उत्पादन र खपत यसै क्षेत्रमा हुने गर्दछ । चीन, भारत, इण्डोनेशिया, बंगलादेश, थाइल्याण्ड, भियतनाम, म्यानमार, फिलिपिन्स, कम्बोडिया र पाकिस्तान नै संसारको दश प्रमुख धान उत्पादक देश हुन भने नेपाल १७औं धान उत्पादक देशमा पर्दछ । तीन सुपर जोनबाट बृहत् रूपमा कार्यक्रम सञ्चालन हुनु हो भनिन्छ ।

रासायनिक मल, कुनै वर्ष आपूर्तिमा कमी आएका कारण रासायनिक मल उपलब्ध गराउन कृषि सामग्री कम्पनी लिमिटेडमा रोपाइँका बेला आवश्यक डिपिए मल अभाव हुँदै आएको देखिन्छ । साल्ट ट्रेडिङसँग मल भए पनि सोझै किसानलाई बिक्री गर्ने अनुमति छैन । सहकारीमार्फत मल बिक्री गर्दा कृषकहरुले बढी मूल्य तिर्नुपर्ने भएको बताउँदछन् । बताइन्छ कि कतिपय सहकारीले कालो बजारसमेत गरिरहेका हुन्छन् । नेपालमा करिब ४१ लाख हेक्टर कृषियोग्य क्षेत्र रहेको छ तर अधिकांश अथवा करिब ५५ प्रतिशत कृषियोग्य जमिन बाँझै छ । बाँझो जमिनमा गुणस्तरीय आयात गर्ने गरेको जस्तो चामल उत्पादन गर्न सके चामलको आयात प्रतिस्थापन हुने थियो । धानखेतीका लागि अनुदान, सहुलियत ऋण, बीमा, यान्त्रिकीकरण आवश्यक छ । सरकारले वर्षनी बजेट बढाउँदै ल्याएको भए पनि किसान अनुरूप छैन भन्ने गरिएको छ । अघिल्लो वर्ष ल्याएको कायक्रम पछिल्ला वर्षमा नियमित गरिँदैन । सरकारी बजेटमा वास्तविक किसानले नभई कृषि माफियाहरुको मात्र पहुँच भएको बताइँदै आएको देखिन्छ । सरकारले कुनै वर्ष दिइने भनिएको ऋणसमेत सहज रूपमा उपलब्ध गराउन नसकेकाले किसानले साहुमहाजनसँग महँगोमा ऋण लिने गरेको देखिन्छ ।

**नीतिगत कार्यान्वयनको अभाव :**
माथि उल्लेखित गरिएका धान-चामलका उत्पादन, निकासी, पैठारी, मलको व्यवस्था, कर्जा, बीमा आदि क्षेत्रको कमीले गर्दा नेपाली किसानले आफ्नो शिर ठाडो बनाउन सकेका छैनन् । नेपालको कृषि क्षेत्रको दीर्घकालीन विकासका दुई ठूला योजना दीर्घकालीन कृषि योजना सन् १९९५-२०१५ र २०१५-२०३५ को कृषि विकास रणनीतिले धान खेतीलाई महत्व नदिनु भनेको विगत र पछिका ४० वर्षका लागि धानको विकास नगर्नु नै हो । नेपालको कृषि क्षेत्रको विकासका लागि बनेको राष्ट्रिय कृषि नीति २०६१ ले नै धानखेतीलाई विशेष महत्व दिएको थिएन । हरेक आर्थिक वर्षको बजेटमा सरकारले कृषिलाई उच्चप्राथमिकतामा राखे पनि व्यवहारमा नीतिगत स्पष्टता कायम गर्न नसक्दा कृषकका समस्या घटेको अवस्था देखिँदैन । सरकारले हरेक वर्ष कार्यक्रममा नै धानको समर्थन मूल्य निर्धारण गर्ने नीति अघि सारेको थियो । के स्मरण हुन आउँछ भने २०७० सालदेखि धानको समर्थन मूल्य तोक्ने तयारी भए पनि सो गरिएको थिएन । सरकारले धानको समर्थन मूल्य निर्धारण गर्न नसकेपछि नेपालका सीमा क्षेत्रमा भएका धान सीमापारि भारतीय व्यापारीहरुले खरिद गरी सहजै लग्ने गर्दै आएको छ ।

नेपालको कृषि क्षेत्रको दीर्घकालीन विकासको दुई ठूला योजनाहरु दीर्घकालीन कृषि योजना सन् १९९५-२०१५ र २०१५-२०३५ को कृषिविकास रणनीतिले धान खेतीलाई महत्व नदिनु भनेको विगत र पछिका ४० वर्षका लागि धानको विकास नगर्नु नै हो । नेपालको कृषि क्षेत्रको विकासका लागि बनेको राष्ट्रिय कृषि नीति २०६१ ले नै धानखेतीलाई विशेष महत्व दिइएको थिएन । हरेक आर्थिक वर्षको बजेटमा सरकारले कृषिलाई उच्च प्राथमिकतामा राखे पनि व्यवहारमा नीतिगत स्पष्टता कायम गर्न नसक्दा कृषकका समस्या घटेको अवस्था देखिँदैन ।

**उत्पादन गर्नमा केको छेकथुन ?**
नेपालमा दैनिक चार करोड र वार्षिक रूपमा ३० अर्बभन्दा बढी मूल्यबराबरको चामल आयात हुँदै आएको छ । नेपाललाई वार्षिक रूपमा ३३ लाख मेट्रिक टन जति चामल आवश्यक पर्दछ । त्यसो त उत्पादन बढे पनि अझै करिब ८ लाख मेट्रिक टन चामल अपुग भई नेपालले चामलमा आत्मनिर्भर हुन थप १३ लाख मेट्रिक टन धान उत्पादन गर्नुपर्ने देखिन्छ । उन्नत जातका धानले धेरै उत्पादन दिए पनि रासायनिक मल बढी आवश्यक पर्ने र आफ्नै उत्पादनबाट छनौट गरिएको बिउले काम नगर्ने समस्या किसानले भोग्दै आएका छन् । कुनै वर्ष विभिन्न जिल्लामा अधिकांश नदी-खोलानालामा आएको बाढीले कैयौं हेक्टरमा लगाइएको धानबाली डुबानमा पर्दै आएको छ । धानको उत्पादन बढ्नुमा धानबालीमा विभिन्न समयमा पर्याप्त वर्षा हुनु, रासायनिक मलको आपूर्ति बढ्नु, प्राकृतिक प्रकोप नहुनु, रोपाइँको क्षेत्रफल बढी हुनु, बर्णशंकर जातका धानको क्षेत्रफल बढ्नु र कृषि आधुनिक परियोजना सातवटा र तीन सुपर जोनबाट बृहत् रूपमा कार्यक्रम सञ्चालन हुनु हो ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००,
५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : श्रमको उचित मूल्याङ्कन हुनेछ । विद्या र बुद्धिको विकास हुनेछ । | **तुला** : बोलीको विपरीत अर्थ लाग्न सक्छ । लगानी गर्नु पनि उपयुक्त नहोला। |
| **वृष** : इच्छा र आकाङ्क्षा पूर्ण हुनसक्छ । मनमा हर्ष छाउनेछ । | **वृश्चिक** : कामहरू अगाडि बढ्नेछन्। कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **मिथुन** : मानसिक चिन्ता बढ्नसक्छ । गरेको काममा ढिलासुस्ती हुनेछ । | **धनु** : एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कर्कट** : साथीभाइबाट सहयोग मिल्नेछ। सामाजिक कार्यबाट सन्तोष मिल्नेछ। | **मकर** : पारिवारिक सद्भाव बढ्नेछ । नयाँ व्यक्ति सँग भेटघाट हुने समय छ । |
| **सिंह** : अतिथिका रूपमा सम्मान पाइनेछ। श्रमको उचित मूल्याङ्कन हुनेछ । | **कुम्भ** : शुभकार्यको चर्चा चल्नेछ । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **कन्या** : शुभकार्यको चर्चा चल्नेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ। | **मीन** : मनोरञ्जनमा सहभागिता भइएला। आर्थिक क्षेत्रमा राम्रो सफलता मिल्ला । |

चना प्रविधि

# अन्तरिक्षमा कसले र किन पठाउँदै छ बिकिनी ?



आउँदो जनवरीमा एउटा दुब्लो पातलो युरोपियन अन्तरिक्षयानलाई इसरोको पिएसएलभी रकेटद्वारा प्रक्षेपण गरिनेछ । यो अन्तरिक्षयानको नाम हो बिकिनी । यो युरोपियन स्टार्टअप द एक्सप्लोरेशन कम्पनीको एउटा रि-एन्ट्री भेहिकल हो । खासमा बिकिनी यो कम्पनीको ठुलो रियुजेबल रि-एन्ट्री मोड्युल निक्सको सानो भर्सन हो । बिकिनीलाई यो रकेटले धर्तीको सतहभन्दा ५०० किलोमिटर माथि लगेर छोडिदिनेछ । त्यहाँबाट यो पुनः धर्तीतिर फर्किनेछ । यति बेला यसको रि-एन्ट्रीका लागि थुप्रै अनुसन्धान गरिनेछ । यो वायुमण्डललाई पार गर्दै समुद्रमा खस्नेछ । बिकिनीको तौल ३० किलोग्राम मात्रै छ । यसको उद्देश्य अन्तरिक्षमा विभिन्न सामानको आपूर्ति गर्नु हो ।

अर्थात् द एक्स्प्लरेसन कम्पनी आफ्नो बिकिनी स्पेसक्राफ्टमार्फत् अन्तरिक्षमा सामान आपूर्तिको व्यवस्थामा जुटेको छ । यदि बिकिनी जनवरीमा रि-एन्ट्री मिसनमा सफल भयो भने यसले व्यावसायिक उडानको नयाँ दुनियाँको ढोका खोल्नेछ । अर्थात् अन्तरिक्षमा कुनै पनि सामानको आपूर्ति हुन सक्नेछ, त्यो पनि सस्तोमा ।

**एरियनस्पेसबाट भारतले खोस्यो सम्झौता**

पहिला यो मिसन युरोपियन एरियनस्पेस कम्पनीलाई दिने निश्चित भइसकेको थियो । तर पछि यसलाई भारतको न्युस्पेस इन्डिया लिमिटेडले हासिल गऱ्यो किनभने एरियन सिक्स रकेटको विकासमा ढिलाइ भइरहेको थियो । बिकिनीलाई पिएसएलभी रकेटको चौथो चरणमा आबद्ध गरिनेछ र अन्तरिक्षमा प्रक्षेपण गरिनेछ । त्यसपछि यहाँबाट बिकिनी फिर्ता हुनेछ ।

**अभियानमा हुनेछ पोएमको प्रयोग**

यो मिसनका बेला द एक्सप्लोरेशन कम्पनीले संकलित गरेका डाटामार्फत भविष्यमा अझै उत्कृष्ट रि-एन्ट्री र रिकभरी प्रविधिको विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । पिएसएलभी रकेटमा पिएस ४ अर्थात् चौथो चरणको प्रयोग हालै पिएसएलभी अर्बिटल एक्सपेरिमेन्टल मोड्युल अर्थात् पोएमका लागि गरिएको थियो ।

**उपयुक्त उचाइ हासिल भएसँगै पिएस४ हट्नेछ**

पोएम अर्थात् पिएस४ अब धर्तीको चारैतिर चक्कर लगाउँदै अनुसन्धान गर्नेछ । मुख्य मिसनमा कुनै असर नपरोस् भनेर बिकिनीलाई पिएस४ को माथि राखिनेछ । किनभने बिकिनीमा कुनै प्रकारको प्रापल्सन सिस्टम राखिएको छैन । यो पिएस४ को सहारामा नै अन्तरिक्षमा थोरै समय बिताउनेछ । उचित उचाइ हासिल भएसँगै पिएस ४ हट्नेछ त्यसपछि बिकिनी तीव्र रूपमा वायुमण्डल पार गर्दै समुद्रमा खस्नेछ ।

**ठुलो मिसनको सानो ट्रायल हो बिकिनी**

यो मिसनका लागि बिकिनीलाई ५०० किलोमिटर आसपास छोडिनेछ । त्यसपछि पिएस४ ले बिकिनीलाई डिबुस्ट गर्दै कक्ष छोड्नेछ । त्यसपछि १२० वा १४० किलोमिटरको उचाइमा आएपछि बिकिनीलाई छोड्नेछ र यो सिधै समुद्रमा खस्नेछ ।

*-रातोपाटी डटकम*

# ट्विटरको चरो हट्यो, नयाँ लोगो




ट्विटरले नीलो रङको चरालाई हटाउँदै कालो पृष्ठभूमिमा कोरिएको सेतो 'एक्स'लाई कम्पनीको नयाँ लोगोका रूपमा सार्वजनिक गरेको छ । अन्ततः मस्कले हटाए ट्विटरको चरो 'एक्स'ले गऱ्यो प्रतिस्थापन ट्विटरले आफ्नो लोगोबाट नीलो रङको चरालाई हटाउँदै 'एक्स' चिह्नलाई नयाँ लोगो बनाएको छ । उक्त सामाजिक सञ्चार कम्पनीले आफ्नो 'रिब्रान्डिङ'लाई थप फराकिलो बनाउन यो कदम चालिएको बताएको छ ।


सोमबार ट्विटरको वेबसाइटले कालो पृष्ठभूमिमा कोरिएको सेतो 'एक्स'लाई कम्पनीको नयाँ लोगो भन्दै सार्वजनिक गरेको छ । ट्विटरका मालिक एलोन मस्क र कम्पनीका प्रमुख कार्यकारी अधिकृत लिन्डा याकारिनोले नयाँ लोगो अनावरण गरेका हुन् । अर्बपति मस्कले आइतबार आफ्नो खाताबाट पोस्ट गर्दै सोमबारबाट ट्विटर सम्बन्धित अर्को व्यापक परिवर्तन गर्न लागेको बताएका थिए । "चाँडै हामी ट्विटर ब्रान्ड र बिस्तारै, चराहरूको बिदाइ गर्दैछौं," उनले लेखेका थिए । यसका साथै एक जनाको 'ट्विटरको लोगो नै परिवर्तन गरेपछि ट्विटलाई अब के भन्ने ?' जिज्ञासामा 'ट्विटलाई एक्स (ट्ट) भन्ने' बताएका थिए ।

चरालाई बिदाइ गर्ने बताए पनि प्रयोगकर्ताहरूले मस्कले योबारे यति चाँडो निर्णय गर्लान् भनेर सोचेका थिएनन् । तर, उनले चराको बिदाइ गरेर 'एक्स' लाई अगाडि सारे । प्रतिक्रिया स्वरूप धेरै प्रयोगकर्ताले 'गुडबाइ ट्विटर' ह्यासट्याग ट्रेन्ड गराउँदै नयाँ लोगोको आलोचना गरेका छन् । मस्कले अक्टोबर २०२२ मा ट्विटर किनेपछि कम्पनीले आफ्नो व्यवसायको नाम परिवर्तन गरी एक्स कर्प राखेको थियो ।

ट्विटर अधिग्रहण गरेदेखि कहिले के, कहिले कुन परिवर्तन गरेर चर्चामा आइरहने मस्कको प्रयोगकर्ताको 'ट्विट भिजिबिलिटी' नियन्त्रण गर्ने पछिल्लो कदम निकै आलोचित भएको थियो भने, त्यसपछि ट्विटर चलाउने प्रयोगकर्ताको संख्यामा कमी आएको थियो । अबको चरणमा ट्विटरले निजी सन्देशहरू 'प्रिमियम' प्रयोगकर्ताले मात्र प्रयोग गर्न पाउने व्यवस्था ल्याउन लागेको छ ।

*-इहिमालय टाइम्स डटकम*

# मानिसको मस्तिष्कमा चिप लगाउन मस्कको कम्पनीलाई अनुमति




अर्बपति एलन मस्कको कम्पनी न्युरालिंकलाई मानिसको मस्तिष्कमा चिप प्रत्यारोपण गर्नका लागि अनुमति प्राप्त भएको छ । रोयटर्सका अनुसार त्यस्तो अनुमति पाएसँगै न्युरालिंकले मस्तिष्कमा चिप जडान गर्ने मानिसको खोजी सुरु गरिसकेको छ । एउटा विशेष भर्ना प्रक्रियाबाट त्यस्तो व्यक्तिको छनोट गरिने बताइएको छ । उक्त ट्रायलका क्रममा सुरुमा पक्षघातका रोगीको मस्तिष्कमा चिपसेट जडानको परीक्षण गरिनेछ । न्युरालिंकले यस्ता व्यक्तिको खोजी गरिरहेको छ जसमा सर्भाइकल स्पाइनल कर्डको समस्याका कारणले पक्षघात भएको छ वा एमायोट्रोफिक ल्याटरल स्क्लेरोसिस जस्ता स्वास्थ्य समस्या छन् ।

यद्यपि न्युरालिंकले यो अध्ययनका क्रममा सुरुमा कतिजना मानिसमा परीक्षण सुरु गर्न लागेको छ भन्ने चाहिं खुलेको छैन । यो परीक्षण सक्नका लागि ६ वर्षको समय लाग्नेछ । यो अनुसन्धानमा एउटा रोबोटले सर्जरी गरेर मानिसको दिमागमा एउटा ब्रेन कम्प्युटर इन्टरफेस प्रत्यारोपण गर्नेछ । त्यसको सहयोगबाट उक्त चिपले चाल तथा मनसायका तरंगहरुलाई ग्रहण गर्नेछ र अगाडिको निर्देशन प्रदान गर्नेछ । त्यसपछि उक्त चिपसेटको साथमा अर्को डिभाइसले ती कमान्डलाई ग्रहण गरेर त्यस अनुसारको काम हुनेछ । न्युरालिंकका अनुसार सुरुआती चरणमा उसको लक्ष्य कम्प्युटर कर्सर तथा किबोर्डलाई नियन्त्रण गर्नु हो । यस्तो नियन्त्रण कमान्ड सिधै मस्तिष्कमा जडित चिपसेटबाट प्राप्त हुनेछ । त्यसपछि कर्सर चल्न सुरु गर्नेछ र किबोर्डबाट टाइप हुनेछ । उदाहरणको रुपमा प्यारालाइसिसका बिरामीको मस्तिष्कमा चिप लगाइसकेपछि त्यो बिरामीले केवल सोंचेकै आधारमा माउस तथा कर्सर चलाउन सक्नेछ । न्युरालिंकले एउटा डिभाइस बनाएको छ जो एउटा सिक्काको आकारको छ । उक्त चिपलाई कम्पनीले लिंक नामाकरण गर्न सक्दछ । यो डिभाइसले कम्प्युटर, मोबाइल फोन तथा अन्य उपकरणहरुलाई मस्तिष्कको गतिविधि (न्यूरल इम्पल्स) बाट सीधै नियन्त्रण गर्ने क्षमता प्रदान गर्नेछ ।

न्युरालिंकले सुरुमा यस्तो चिपसेटको १० जना मानिसमा परीक्षण गर्ने अनुमति प्राप्त हुने अपेक्षा गरेको थियो । तर अमेरिकाको फूड एण्ड ड्रग प्रशासनले सुरक्षाको प्रश्न उठाउँदै धेरै मानिसमा परीक्षणको अनुमति दिएको छैन । तर केही व्यक्तिमा परीक्षणको लागि एफडिएले अनुमति दिएको छ । यद्यपि उसले कतिजना मानिसमा ट्रायलको अनुमति दिएको भन्ने चाहिं खुलाइएको छैन । एफडीबाट प्राप्त अनुमति निकै महत्वपूर्ण पहिलो खुट्किला भएको र यसले भविष्यमा एकदिन हाम्रो प्रविधिले धेरै मानिसहरुलाई सहयोग गर्न सकिने न्युरालिंकले जनाएको छ ।

**सर्भाइकल स्पाइन के हो ?**


Cervical Spine मेरुदण्डको एउटा भाग हो जुन गर्धको आधारबाट सुरु भएर मेरुदण्डका C1 देखि C7 हड्डीसम्म पुग्दछ । मेरुदण्डको हड्डी स्नायुहरुको एउटा यस्तो समूह हो जसले मस्तिष्कबाट सरीरका अन्य हिस्साहरुसम्म सन्देश अर्थात् कमान्ड सम्प्रेषण गर्दछ । मेरुदण्डको हड्डीमा चोट लाग्नु पूरै सरीरका लागि खतरनाक सावित हुनसक्छ र यसले पक्षघात निम्त्याउन सक्दछ ।

**एमायोट्रोफिक ल्याटरल स्क्लेरोसिस के हो ?**

एएलएस भनिने भनिने यो रोग एक न्युरोडिजेनेरेटिभ बिमारी हो । यसले मस्तिष्कको सेरेब्रल कर्टेक्स, मेरुदण्डको हड्डी तथा ब्रेनस्टेमका स्नायुसम्मलाई प्रभावित गर्दछ । यो रोगले मांशपेशीहरुलाई नियन्त्रण गर्ने मोटर न्युरोनको निरन्तरको क्षयीकरणको गराउँदछ । यो एक दुर्लभ रोग हो ।

*-अनलाइन खबर डटकम*

# चन्द्रयानसँग सम्पर्क स्थापित हुन सकेन, अझै १४ दिन कुर्ने



भारतीय अन्तरिक्ष अनुसन्धान संगठन (इसरो)ले चन्द्रयान-३ को विक्रम ल्यान्डर र प्रज्ञान रोभरसँग सम्पर्क स्थापित गर्न थप १४ दिन कुर्ने बताएको छ । इसरोले चन्द्रयान-३ को ल्यान्डर र रोभरलाई चन्द्रमामा अर्को सूर्यास्त नहुँदासम्म सम्पर्क स्थापित गर्ने प्रयास जारी राख्नेछ । चन्द्रमामा अर्को सूर्यास्त अब अक्टोबर ६ मा हुनेछ । यद्यपि, इसरोका प्रमुख श्रीधारा पणिकर सोमनाथले चन्द्रयान-३ का उपकरणहरूसँग सम्पर्क कहिले स्थापित हुनेछ भन्ने निश्चित नभएको बताएका छन् । चन्द्रयान-३ को ल्यान्डर र रोभरले पृथ्वीका १४ दिन बराबरको चन्द्रमाको रात कटाउन कठोर चुनौतीको सामना गर्नुपर्छ । यो अवधिमा ल्यान्डर र रोभरले माइनस २०० देखि माइनस २५० डिग्री सेल्सियससम्मको तापक्रम झेल्नुपर्छ । यो चिसोमा ब्याट्रीहरूको तापक्रम समेत घट्ने हुँदा यसअघिको रातमा ल्यान्डर र रोभरसँग इसरोको विच्छेद भएको थियो । इसरोले दुवै उपकरण निद्राको अवस्थामा गएको र फेरि सम्पर्क स्थापितको प्रयास गर्ने बताएको थियो । अब, सम्पर्क स्थापित भएमा यसले फेरि चन्द्र धरातलमा हिँडडुल गर्नेछ अन्यथा सम्पर्क विच्छेद भएर सधैंका लागि त्यहीं रहनेछ ।

*-बाह्रखरी डटकम*

# आज परमाणु हतियार निर्मूल दिवस

**पाल्पा,** असोज ८/अन्तर्राष्ट्रिय परमाणु हतियार निर्मूल दिवस आज विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ । संयुक्त राष्ट्र संघको आह्वानमा यो दिवस हरेक वर्ष सेप्टेम्बर २६ का दिन मनाउने गरिएको छ । सन् २०१४ बाट हरेक वर्ष यो दिवस मनाउने सुरु गरिएको हो ।




सार्वजनिक जागरूकता बढाउन र परमाणु नि:सस्त्रीकरणको सवालमा राष्ट्र संघले गरेका प्रयासको श्रृंखलामा यसलाई एउटा नयाँ आरम्भको रुपमा लिने गरिएको छ ।

परमाणु हतियारको पूर्ण उन्मूलन गर्न आवश्यकताबारे आमजनमानसलाई जागरूक पार्दै यसले मानव जातीमा पार्ने असरको बारेमा सबैलाई जानकारी दिनु नै दिवसको मुख्य उद्देश्य हो । सन् १९४६ मा बसेको संयुक्त राष्ट्रसंघको महासभाले संसारबाट परमाणु हतियार निर्मूल पार्न संकल्प लिएसँगै सन् १९५९ मा भएको संयुक्त राष्ट्र संघको साधारण सभाले सामान्य र पूर्ण नि:सस्त्रीकरणको उद्देश्यलाई समेत पूर्णरुपमा समर्थन गरेको थियो । विश्वलाई परमाणु हतियार मुक्त गर्ने संयुक्त राष्ट्र संघको पुरानो उद्देश्य हो । संयुक्त राष्ट्र संघको उक्त उद्देश्य पुरा गर्ने र विश्वलाई परमाणु हतियार मुक्त गराउने उद्देश्यलाई साथ दिँदै कतिपय मुलुकले आफ्नो परमाणु कार्यक्रम समेत बन्द गरेका थिए तर त्यसको विभिषिका अझै कायम छ ।

विश्वका शक्तिशाली राष्ट्रहरु अमेरिका, रुस, बेलायत, भारत, इरान, चीन, जापान, कोरिया लगायतका देशमा अझै पनि परमाणु भट्टीहरु सञ्चालनमा रहेका छन् । यसले परमाणु हतियारको त्रास कायमै छ । संयुक्त राष्ट्र संघले आफ्ना विभिन्न सभामा परमाणु निर्मुलीकरणका लागि योजनाहरु पेश गर्दै आएको छ भने राष्ट्र संघका सबैजसो महासचिवले यो उद्देश्यलाई प्राथमिकता दिँदै आएका छन् । संसारमा अहिले करिब १४ हजार भन्दा बढी परमाणु हतियार रहेको अनुमान छ ।

# उद्योग वाणिज्य संघमा छात्रवृत्तिका लागि अक्षयकोष

**पाल्पा,** असोज ८/स्वास्थ्यकर्मी रुक्मागत शर्माले पाल्पा उद्योग वाणिज्य संघमा १ लाख २५ हजार रुपैयाँको अक्षयकोष स्थापना गरिदिएका छन् । उनले हरेक वर्ष सरकारी स्कूलमा कक्षा ८ देखि १२ सम्म अध्ययन गर्ने गरिब तथा जेहन्दार एक जनालाई छात्रवृत्ति प्रदान गर्ने गरी अक्षयकोष स्थापना गरिदिएका हुन् ।



चेक रकम ग्रहण गर्दै संघका अध्यक्ष भट्टराईले शर्माद्वारा स्थापित उक्त अक्षयकोषको सहि सदुपयोग हुने बताए ।

संघमा आबद्ध उद्योगी, व्यवसायीहरुका छोरा छोरीहरु मध्येबाट हरेक वर्ष एक जनालाई छात्रवृत्ति स्वरुप १० हजार दिने गरी अक्षयकोष स्थापना गरिदिएको स्वास्थ्यकर्मी शर्माले बताए । उनले उद्योग वाणिज्य संघको ६९ औं साधारण सभाको अवसरमा उक्त अक्षकोषको घोषणा गरेका हुन् । उनका अनुसार अक्षयकोषको व्याजबाट आउने दश हजार छात्रवृत्तिका रुपमा दिइने छ । शर्माले अक्षयकोषको रकमको चेक संघका अध्यक्ष शैलेन्द्र भट्टराईलाई हस्तान्तरण गरेका छन् ।

शर्माले यस अघि पनि नेपाल औषधि व्यवसायी संघ पाल्पामा १ लाख ५० हजार रुपैयाँको अक्षयकोष स्थापना गरिदिएका छन् ।

उनले हरेक वर्ष एक जनालाई 'औषधि व्यवसायी संगम सम्मान तथा पुरस्कार' प्रदान गर्ने गरी अक्षयकोष स्थापना गरिदिएका हुन् ।


## मुसिकोट नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

## कवाडी करको ठेक्का बन्दोवस्त सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८०/०६/०९

यस नगरपालिका क्षेत्र भित्रबाट आ.व.२०८०/८१ मा संकलन भई अन्यत्र निकासी हुने कवाडी माल सामान (सबै किसिमका सिसाजन्य पदार्थहरु, फलामजन्य पदार्थहरु तथा प्लास्टिकजन्य पदार्थहरु) मा लाग्ने कवाडी कर संकलन गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ । ईच्छुक व्यक्ति वा फर्महरुले तोकिएका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ औ दिन (मिति २०८० आश्विन २३ गते) कार्यालय समयभित्र फाराम खरिद गरी पेश गर्नु हुन अनुरोध छ ।

विस्तृत जानकारीको लागि कार्यालयको वेबसाइट www.musikotmungulmi.gov.np मा हेर्न सकिनेछ ।

विनोद कुँवर
प्रमुख प्रशासकिय अधिकृत


## खेलकुद समाचार

# फुटबलको सेमिफाइनलमा नेपाल



**काठमाडौं,** असोज ८/आयोजक नेपाल यू–१९ साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको सेमिफाइनलमा पुगेको छ । नेपाली टोली सोमबार खेलिएको समूहगत चरणको आफ्नो दोस्रो खेलमा माल्दिभ्सलाई ४–१ गोलले हराउँदै प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको हो ।

समूह 'ए'बाट पाकिस्तान चार अंकसहित पहिलो हुँदै सेमिफाइनलमा पुग्यो । नेपाल भने तीन अंकसहित दोस्रो हुँदै अगाडि बढेको हो । समूहगत चरणको अन्तिम खेलमा नेपालसँग पराजित भएपछि माल्दिभ्स भने उपाधि होडबाट बाहिरिएको छ । यसअघि आफ्नो पहिलो खेलमा नेपाली टोली पाकिस्तानसँग ०–१ गोलले पराजित भएको थियो । पाकिस्तान र माल्दिभ्सबीचको खेल भने १–१ गोलको बराबरीमा सकिएको थियो । त्यसैले समूहगत चरणको सोमबार खेलिएको अन्तिम खेलमा नेपाली टोली जित्नै पर्ने दबाबमा थियो । खेलको प्रारम्भदेखि नै नेपालले माल्दिभ्सलाई दबाबमा राखेको थियो । घरेलु मैदानमा नेपालले दुई गोल पहिलो हाफमै गरेको थियो । खेलको दोस्रो हाफमा नेपालले दुई गोल थपेको थियो भने माल्दिभ्सले एक गोल फर्काएको थियो । नेपालका लागि प्रशान्त लक्सम र समिर तामाङले एक–एक गोल गरेका गरेका थिए । उनले खेल सुरु भएको १७औं मिनेटमा गोल गर्दै नेपाललाई अग्रता दिलाएका थिए । निर्धारित समयको ३०औं मिनेटमा समिर तामाङले नेपालको अग्रता दोब्बर बनाएका थिए । खेलको पहिलो हाफमै दुवै टोली १०–१० खेलाडीमा समेटिएका थिए । निर्धारित समयको ३४औं मिनेटमा नेपालका सुजन डंगोल र माल्दिभ्सका कप्तान मोहम्मद ईयान हसन रातो कार्ड पाउँदै मैदानबाट बाहिरिएका थिए । निर्धारित समयको ५८औं मिनेटमा माल्दिभ्सका लागि आदम लयान रसिदले जवाफी गोल गरेका थिए । त्यसपछि निर्धारित समयको खेल सकिनुभन्दा दुई मिनेटअघि निराजन धामीले नेपालका लागि तेस्रो गोल गरेका थिए । त्यसलगत्तै दोस्रो हाफको इन्जुरी समयमा समिर तामाङले व्यक्तिगत रुपमा दोस्रो गोल गर्दै नेपाललाई सजिलो जित दिलाएका थिए ।


## आवश्यकता

तानसेन नगरपालिका–२ मेहलधारामा रहेको मेडिकलको लागि एक जना ल्याव असिस्टेन्ट (Lab Assistant) आवश्यक परेकोले योग्य व्यक्तिले निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।

शिल्पा फर्मा/क्लिनिक
तानसेन–२, मेहलधारा, पाल्पा
(बेथल बोडिङ्ग स्कूल जाने बाटो नजिकै)
सम्पर्क नं. : ९८४५१७३६८६

नशा तथा मनोरोग विशेषज्ञ डा.भास्कर शर्माद्वारा विशेष उपचार गरिन्छ ।


## कर्पोरेट/अर्थ समाचार

# हिमालयन बैंकका ग्राहकलाई विशेष छुट

HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

**पाल्पा,** असोज ८/हिमालयन बैंकका ग्राहकहरुलाई विशेष छुट व्यवस्था गरिएको छ । देशभरका विभिन्न क्षेत्रमा बैंकका ग्राहकहरुले विशेष छुट पाउने छन् ।

जसका लागि बैंकले देशभरका १ सय ६० भन्दा बढी क्षेत्रमा छुटका लागि सम्बन्धित निकायसँग सम्झौता गरेको छ । बैंकका ग्राहकले देशका विभिन्न स्थानमा रहेका होटल, रेष्टुराँ, अस्पताल, ल्याव, डायगोनोस्टिक सेन्टर, गहना गृह, कपडा, चश्मा, घडी पसल, मोबाइल, ल्यापटप तथा सम्बन्धित सामग्री, खेलकुद सामग्री, फर्निचर, विद्युतीय दुई पांग्रे सवारी, कस्मेटिक, बुटिक, सलुन, ट्राभल एण्ड ट्रेक, एडभेन्चर टुरिजम लगायत अन्य स्थानहरुमा वस्तु खरिद तथा सेवा शुल्कमा तोकिएको छुट पाउन सक्ने छन् । बैंकले सम्बन्धित व्यवसायीसँगको सहकार्यमा आफ्ना ग्राहकको सुविधालाई मध्यनजर राख्दै अधिकतम २० प्रतिशतसम्म छुटको व्यवस्था गरेको जनाएको छ । छुट सुविधा प्राप्त गर्न ग्राहकले बिल तिनुभन्दा पहिला नै आफू हिमालयन बैंकका ग्राहक भएको कुनै पनि परिचय (डेबिट/क्रेडिट कार्ड, चेक बुक) प्रस्तुत गरेमा उक्त स्थानबाट निर्धारित छुट पाउनेछन् । हाल यो योजना १६० भन्दा बढी व्यवसायिक संस्थामा लागु भएको तथा निकट भविष्यमा बैंकले यस योजना देशभरी २०० वटा थप व्यवसायीमा विस्तार गरी ग्राहकलाई छुट सुविधा प्रदान गर्ने लक्ष्य लिएको बताइएको छ ।

बैंकले आफ्ना ग्राहकहरू माझ विभिन्न सेवा अभिवृद्धि गर्ने उद्देश्यले विशेष छुटको व्यवस्था ल्याएको हो ।


## सूचना ! सूचना !! सूचना !!!

यस संस्थामा आ.व.२०८०/०८१ को लागि धितो मूल्याङ्कन कर्ताको आवश्यक परेको हुनाले मान्यता प्राप्त शिक्षण सस्थाबाट बि.इ. (सिभिल) उत्तिर्ण गरेको तपसिल अनुसारको इच्छुक महानुभावहरुले मूल्याङ्कनकर्ताको रुपमा यस सस्थामा सुचिकृत हुनको लागि हार्दिक अनुरोध गर्दछौ ।

**योग्यता :** BE (civil)

**आवश्यक कागजात :**

- निवेदन
- नेपाली नागरिकताको प्रतिलिपि
- योग्यता सम्बन्धी ट्रान्सक्रिप्टको प्रतिलिपि

***नोट : आवेदन बुझाउने अन्तिम मिति २०८० असोज १५ गते सोमबार ३ बजेसम्म हुनेछ ।***

**मणिमुकुन्द बचत तथा ऋण सहकारी सस्था लि.**
तानसेन-३, पाल्पा

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन ०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई